**भाग-२**

# स्थानीय राजपत्र

चौंरीदेउराली गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ५ संख्या:.५ मितिः २०७८/०९/१९

कार्यपालिका बाट स्वीकृत मितिः २०७८/०९/१९

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम चौंरीदेउराली गाउँपालिका गाउँसभाले **सामान ढुवानी गर्ने टयाक्टर संचालन कार्यविधि, २०७८** सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# सामान ढुवानी गर्ने ट्याक्टर संचालन कार्यविधि, २०७८

चौंरीदेउराली गाउँकार्यपालिकाको कार्यालय

ढाँडखर्क भञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक

बागमती प्रदेश

नेपाल

## सामान ढुवानी गर्ने ट्याक्टर संचालन कार्यविधि, २०७८

यस चौंरीदेउराली गाउँपालिकाको ५०% अनुदान र चौंरीदेउराली गा.पा. वडा नं ०५ कृषि समुहको ५०% लागतमा खरिद गर्न लागिएको सामान ढुवानी गर्ने ट्याक्टर खरिद सम्बन्धी कार्यलाई व्यवस्थित गर्न यो कार्यविधी जारी गरेको छ ।

परिच्छेद १

संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो निर्देशिकाको नाम "सामान ढुवानी गर्ने ट्याक्टर संचालन कार्यविधि, २०७८ रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. खरिद तथा संचालन सम्बन्धमाः**

क) यस गाउँपालिकाले प्राविधिक लागत अनुमान अनुसारको हुन आउने लागतको ५०% अनुदान श्री चौंरीदेउराली गा पा वडा नं-०५ कृषि समुहको खातामा भुक्तानी गरि बजार मुल्य अनुसार सो समितिले नै खरिद कार्य अगाढी बढाउने।

**ख)** सामान ढुवानी गर्ने ट्याक्टर खरिद गरी सो ट्र्याक्टर ५ बर्षसम्म किनबेच गर्न नपाइने।

**ग)** यस ट्याक्टरको कार्यक्षेत्र चौंरीदेउराली वडा नं. ०५ को कृषि उपज ढुवानी गर्ने, आवश्यक्ता अनुसार चौंरीदेउराली गा.पा. भरी र व्यवसायिकता अनुसारमा यस जिल्ला भरी र अन्य जिल्लामा समेत।

**घ)** यस ट्याक्टरको दररेट सो कृषि समुहले वडाको जनप्रतिनिधि सहित वडा कार्यालयको संयोजकत्वमा निर्धारण गर्नु पर्ने।

**ङ)** ट्याक्टर संचालनमा आईसके पछि आम्दानी बापतको रकम सो समुहको कोषमा संकलन हुनेछ र सो बाट नै सम्पुर्ण संचालन र मर्मत संभार हुनेछ।

**च)** यस ट्याक्टर संचालनमा समयानुसार केही थपघट गर्नुपर्ने भएमा गा.पा. अध्यक्षको रोहवरमा पुनः संशोधन गरिनेछ ।

आज्ञाले

महान दास लामा

प्रमुख प्रशासकीय अधिकृत